# काठमाडौं महानगरपालिका
# लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७८

**स्वीकृत मिति : २०७८।४।१९**

**प्रस्तावना:** काठमाडौं महानगरपालिका क्षेत्रभित्र लैङ्गिक हिंसा पीडित प्रभावित, पारिवारिक विखण्डन, बिछोड, बेवास्ताका कारण अलपत्र परेका, बेचबिखनमा परेका, विस्थापित भएका, जोखिम अवस्थामा रहेका व्यक्तिहरूको तत्काल उद्धार, औषधी उपचार, आधारभूत आवश्यकता पूर्ति गरी सामाजिक न्याय र समानता कायम गर्ने उद्देश्यले काठमाडौं महानगरपालिका प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ बमोजिम काठमाडौं महानगरपालिका कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम **"काठमाडौं महानगरपालिका लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७८"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"कार्यपालिका"** भन्नाले काठमाडौं महानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्छ ।

(ख) **"कोष"** भन्नाले दफा ३ बमोजिम स्थापना हुने लैङ्गिक हिंसा निवारण कोषलाई सम्झनुपर्छ ।

(ग) **"घरेलु हिंसा"** भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको कुनै शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातनालाई सम्झनुपर्छ ।

(घ) **"पीडित वा प्रभावित"** भन्नाले घरेलु, लैङ्गिक तथा अन्य विभिन्न हिंसा, जोखिम तथा सङ्कटापन्न अवस्थाबाट पीडित वा प्रभावित व्यक्तिलाई सम्झनुपर्छ ।

(ङ) **"पुनःस्थापना केन्द्र"** भन्नाले दफा १५ बमोजिम सञ्चालन हुने पुनःस्थापना केन्द्रलाई सम्झनुपर्छ ।

(च) **"प्रमुख"** भन्नाले काठमाडौं महानगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(छ) **"बालबालिका"** भन्नाले १८ वर्ष उमेर पूरा नगरेको व्यक्तिलाई सम्झनुपर्छ ।

(ज) **"महानगरपालिका"** भन्नाले काठमाडौं महानगरपालिकालाई सम्झनुपर्छ ।

(झ) **"विभाग"** भन्नाले काठमाडौं महानगरपालिकाको सामाजिक विकास विभागलाई सम्झनुपर्छ ।

(ञ) **"लैङ्गिक हिंसा"** भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहारलगायत लैङ्गिक आधारमा हुने हिंसालाई सम्झनुपर्छ ।

(ट) **"समिति"** भन्नाले दफा ८ बमोजिम गठित समितिलाई सम्झनुपर्छ ।

(ठ) **"सेवा केन्द्र"** भन्नाले दफा १७ बमोजिम सञ्चालन हुने सेवा केन्द्रलाई सम्झनुपर्छ ।

## परिच्छेद–२

## कोष स्थापनासम्बन्धी व्यवस्था

३. **कोषको स्थापना** : (१) महानगरपालिका क्षेत्रभित्र लैङ्गिक हिंसामा परेका पीडित वा प्रभावित व्यक्तिको आधारभूत आवश्यकता पूर्ति गर्न तथा विभिन्न सेवा सुविधा उपलब्ध गराउन एक लैङ्गिक हिंसा निवारण कोष स्थापना गरी सञ्चालन हुने छ ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने कोषको रकमबाट देहायका कार्यमा खर्च गर्नुपर्ने छ :-

(क) लैङ्गिक हिंसामा परेका नागरिकको बहुपक्षीय हित प्रवर्धनात्मक कार्य,

(ख) लैङ्गिक हिंसामा परेका नागरिकलाई राहत उपलब्ध गराउने कार्य,

(ग) लैङ्गिक हिंसामा परेका नागरिकको लागि शिक्षा, भोजन, कपडा तथा अन्य आवश्यक सामग्री खरिद,

(घ) लैङ्गिक हिंसामा परेका नागरिकको लागि कुनै व्यवसाय गर्न आवश्यक पर्ने बीऊ, पुँजी (सिडमनि) उपलब्ध गराउन,

(ङ) लैङ्गिक हिंसामा परेका नागरिकप्रति राज्यको दायित्व स्थापना गरी मानव अधिकारको संरक्षण तथा प्रवर्धन गर्ने कार्य,

(च) लैङ्गिक हिंसामा परेका नागरिकको जोखिम न्यूनीकरण तथा संरक्षण कार्य,

(छ) लैङ्गिक हिंसामा परेका नागरिकको समूहगत प्रभाव पार्ने गरी सङ्क्रमण फैलिएमा वा गम्भीर प्रकृतिको दुर्घटनामा परी तत्काल गर्नुपर्ने उपचारका कार्य,

(ज) कानुनी सहायता, मनोपरामर्श सेवा,

(झ) लैङ्गिक हिंसाको जोखिममा परेका नागरिकको लागि सुरक्षित आवासका लागि सेवा केन्द्र वा पुनर्स्थापन केन्द्रको नाममा दिइने आर्थिक सहयोग,

(ञ) लैङ्गिक हिंसामा परेका नागरिकको पुनर्स्थापन, पुनर्एकीकरण तथा पुनर्मिलन गराउन आवश्यक रकम,

(ट) समितिले आवश्यक ठानेका अन्य कार्यहरू ।

४. **<u>कोषको स्रोत</u>** : (१) लैङ्गिक हिंसामा परेका नागरिकको संरक्षणका लागि स्थापना हुने कोषको स्रोत देहायबमोजिम हुने छ :-

(क) सङ्घ र प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान,

(ख) महानगरपालिकाबाट विनियोजित रकम,

(ग) कुनै व्यक्ति, संस्था वा सरकारबाट प्राप्त रकम,

(घ) लैङ्गिक हिंसा निवारण कोषमा राखिएको बैङ्क खातामा रहेको मौज्दातबाट प्राप्त ब्याज,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम ।

(२) उपदफा (१) बमोजिमको रकम महानगरपालिकाले तोकेको बैङ्कमा छुट्टै खाता खोली जम्मा गर्ने छ ।

(३) कोषको खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र सदस्य-सचिवको संयुक्त दस्तखतबाट हुने छ ।

५. **निवेदन दिनुपर्ने** : (१) लैङ्गिक हिंसामा परेका नागरिकले आफैं उपस्थित भई वा कानुनबमोजिमको प्रतिनिधिमार्फत वडा कार्यालयको सिफारिससहित विभागमा निवेदन दिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम निवेदन पेस गर्दा आफू पीडित भएको बेहोरा खुल्ने सरकारी निकायबाट जारी भएको प्रमाणसमेत पेस गर्नुपर्ने छ ।

(३) यस दफाबमोजिम निवेदन पेस गर्ने लैङ्गिक हिंसामा परेका नागरिकले आफूलाई के कार्यका लागि सेवा वा रकम आवश्यक परेको हो सो व्यहोरा निवेदनमा स्पष्ट खुलाउनुपर्ने छ ।

(४) लैङ्गिक हिंसामा परेका नागरिकलाई परेको हिंसा र गर्न लागेको कामको प्रकृति र औचित्य हेरी समितिले आवश्यक रकम उपलब्ध गराउन सक्ने छ ।

६. **आर्थिक सहयोग उपलब्ध गराउन सक्ने** : (१) महानगरपालिकाले लैङ्गिक हिंसामा परेका व्यक्तिहरूलाई सामान्यतः देहायबमोजिमको आर्थिक सहयोग तत्काल उपलब्ध गराउन सक्ने छ :-

(क) प्रभावित व्यक्तिको तत्काल उद्धार, राहत, जीविकोपार्जन वा स्वरोजगार तथा पुनर्स्थापनका लागि रु ३०,०००/- मा नबढ्ने गरी,

(ख) जोखिममा परेका व्यक्तिहरूलाई कुनै अस्पताल वा स्वास्थ्य संस्थामा उपचार गराउनु परेमा देहायबमोजिमको आर्थिक सहयोग उपलब्ध गराउन सक्ने छ :-

(१) घरमा बसी उपचार गराउनुपर्ने भएमा अस्पताल आवातजावतसमेतका लागि बढीमा २०,०००/- रूपियाँसम्म,

(२) अस्पतालमा भर्ना गराई उपचार गराउनुपर्ने भएमा अस्पताल लैजाँदा र ल्याउँदाको सवारी साधनको

भाडा, स्वास्थ्य परीक्षण र औषधी खरिदको लागि एकमुष्ठ २५,०००/- रूपैयाँसम्म,

(३) पीडित व्यक्तिलाई कानुनी परामर्श आवश्यक परेको अवस्थामा बढीमा १५,०००/- रूपैयाँसम्म,

(४) प्रभावित वा आश्रित व्यक्तिलाई मनोपरामर्श सेवा आवश्यक परेको खण्डमा औचित्य हेरी बढीमा २०,०००/- रूपियाँसम्म,

(२) यस दफाबमोजिम उपलब्ध गराउन तोकिएको रकमले नपुग हुने अवस्था देखिएमा समितिले रकम थप गरी उपलब्ध गराउन सक्ने छ ।

(३) लैङ्गिक हिंसामा परेका व्यक्तिहरूले आर्थिक सहयोगको लागि अनुसूची १ बमोजिमको निवेदन पेस गर्नुपर्ने छ ।

७. **कोषको रकम अन्य काममा प्रयोग गर्न नसकिने :** (१) कोषको रकम दफा ३ (२) मा लेखिए बाहेकका अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

(२) उपफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालक समितिको बैठक सञ्चालन तथा लैङ्गिक हिंसा निवारणसम्बन्धी अध्ययन, अनुसन्धान तथा प्रकाशन कार्यका लागि भने कोषको रकम खर्च गर्न बाधा पुगेको मानिने छैन ।

## परिच्छेद-३

## कोष सञ्चालनसम्बन्धी व्यवस्था

८. **कोष सञ्चालक समिति :** (१) कोषको सञ्चालन तथा व्यवस्थापन गर्ने कार्यका लागि एक लैङ्गिक हिंसा कोष सञ्चालक समिति रहने छ :-

(२) उपदफा (१) बमोजिमको सञ्चालक समितिको गठन देहायबमोजिम हुने छ :-

(क) प्रमुखले तोकेको नगर कार्यपालिका सदस्य - संयोजक

(ख) प्रमुख, जनस्वास्थ्य विभाग - सदस्य

(ग) प्रमुख, कानुन तथा मानव अधिकार विभाग - सदस्य

(घ) प्रमुख, महानगर प्रहरी बल - सदस्य

(ङ) विभागका विभागीय प्रमुख - सदस्य-सचिव

९. **कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार** : (१) कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ :-

(क) लैङ्गिक हिंसा तथा घरेलु हिंसा निवारणका सम्बन्धमा महानगरपलिकाबाट स्वीकृत नीति, योजना तथा कार्यक्रमको कार्यान्वयन गर्न कोषको अधिकतम परिचालन गर्ने,

(ख) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(ग) कोषबाट सहयोग उपलब्ध गराइएको रकमको अधिकतम सदुपयोग भए/नभएको अनुगमन गर्ने र नभएको पाईएमा आवश्यक निर्देशन दिने,

(घ) महानगरपालिका क्षेत्रभित्र घटेका लैङ्गिक हिंसासम्बन्धी घटनाहरूको अभिलेख अद्यावधिक गर्ने,

(ङ) पीडितलाई सीपमूलक तालिम उपलब्ध गराउने र बीउ पुँजीसम्बन्धी मापदण्ड तोकी लागु गर्ने,

(च) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकाय तथा संस्थासँग समन्वय गरी कार्य गर्ने/गराउने,

(छ) यो कार्यविधिबमोजिम उपलब्ध गराइएको रकमबाट भए गरेका काम कारबाहीको गुणस्तर कायम भए नभएको जाँच गर्ने र गुणस्तरबमोजिम नभएको पाइएमा गुणस्तर कायम गर्न लगाउने,

(ज) कोष वृद्धिको लागि स्रोतको खोजी गर्ने,

(झ) लैङ्गिक हिंसा हुन नदिनका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(ण) लैङ्गिक हिंसा निवारणका लागि महानगरपालिकाले तोकेका अन्य कार्यहरू गर्ने/गराउने ।

१०. **समितिको बैठक र निर्णय प्रक्रिया** : (१) सामान्यतः समितिको बैठक महिनाको एक पटक बस्ने छ ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्ने छ ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तीमा २४ घण्टा अगावै सञ्चालक समितिको सदस्य सचिवले बैठकमा छलफल हुने कार्यसूचीसहितको सूचना सबै सदस्यहरूलाई दिनुपर्ने छ ।

(४) सञ्चालक समितिको कूल सदस्य सङ्ख्याको ५० प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिने छ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्ने छ र निजको अनुपस्थितिमा सञ्चालक समितिका उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले गर्ने छ ।

(६) सञ्चालक समितिको बैठकमा बहुमतको राय मान्य हुने छ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिने छ ।

(७) सञ्चालक समितिको बैठकमा आवश्यकताअनुसार महानगरपालिकाको कुनै पदाधिकारी, कर्मचारी र बाह्य विषय विज्ञलाईसमेत आमन्त्रण गर्न सक्ने छ ।

(८) सञ्चालक समितिको निर्णय सदस्य सचिवले प्रमाणित गराई राख्नुपर्ने छ ।

(९) सञ्चालक समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुने छ ।

११. **समितिको प्रशासनिक खर्च** : समितिको प्रशासनिक खर्च कोषमा जम्मा भएको रकम र सो कोषको ब्याज रकमको ५ प्रतिशतभन्दा बढी हुने छैन ।

१२. **कोषको लेखा र लेखा परीक्षण:** (१) कोषको आय-व्ययको लेखा प्रचलित कानुनबमोजिम राखिने छ ।

(२) कोषको लेखा परीक्षणमहालेखा परीक्षकबाट हुने छ ।

१३. **थप रकम माग गर्न सक्ने** : (१) समितिले कोषलाई प्राप्त भएको रकम अपर्याप्त भएको तर अनिवार्य रूपमा कार्यान्वयन गर्नुपर्ने कार्यक्रमहरू भएको भनी निर्णय गरी महानगरपालिकासमक्ष थप रकम निकासाका लागि माग गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम थप रकम निकासका लागि माग भई आएको अवस्थामा महानगरपलिकाले आवश्यकता र औचित्यता हेरी थप रकम उपलब्ध गराउन सक्ने छ ।

१४. **कोषको रकम फ्रिज नहुने** : कोषमा रहेको रकम वर्षको अन्त्यमा खर्च हुन नसकी बाँकी रहेमा सो रकम कुनै पनि तबरले फ्रिज हुने छैन ।

## परिच्छेद-४

## विविध

१५. **पुनःस्थापना केन्द्रको सञ्चालन** : (१) महानगरपालिकाबाट स्वीकृति लिई कुनै व्यक्ति वा संस्थाले पीडित वा प्रभावितलाई शारीरिक वा मानसिक उपचार, सामाजिक रूपमा पुनःस्थापपना तथा पारिवारिक पुनर्मिलन गराउनका लागि सरकारले तोकेको मापदण्डबमोजिम पुनःस्थापना केन्द्र सञ्चालन गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने पुनःस्थापन केन्द्रले देहायबमोजिमका सेवा सुविधाहरू उपलब्ध गराउनुपर्ने छ :-

(क) खाने, बस्ने र आवासको सुविधा,

(ख) मौसमअनुसारका लत्ताकपडा,

(ग) स्वास्थ्य सेवा,

(घ) कानुनी सेवा,

(ङ) मनोपरामर्श तथा मनोविमर्श सेवा,

(च) पुनर्मिलन तथा भेटघाट कार्यक्रम,

(छ) महानगरपालिकाले तोकेको अन्य सेवाहरू ।

१६. **पुनःस्थापना तथा पुनर्मिलन गराउनुपर्ने** : (१) पुनःस्थापना केन्द्रले सम्भव भएसम्म पीडित वा प्रभावितको इच्छा, चाहना र आवश्यकतालाई ध्यानमा राखी पारिवारिक तथा सामाजिक पुनर्मिलनका लागि पहल गर्नुपर्ने छ ।

(२) पीडित बालबालिकाको हकमा पुनःस्थापना केन्द्रले आफू जन्मेको परिवारको पहिचान गरी पुनर्मिलन, पुनःस्थापना गर्न सम्भव नभएमा परिवारमा आधारित बैकल्पिक हेरचाहका लागि आवश्यक व्यवस्था मिलाउन सक्ने छ ।

(३) उपदफा (२) बमोजिम वैकल्पिक हेरचाहका लागि व्यवस्था मिलाउनु पूर्व महानगरपालिकाको सहमति लिनुपर्ने छ ।

(४) पीडितलाई निजको इच्छा विपरित कसैले कुनै काममा लगाउन हुँदैन। पीडितको लागि सीपमूलक तालिम तथा स्वरोजगारको व्यवस्थासमेत पुनःस्थापना केन्द्रबाट गर्नुपर्ने छ।

१७. **सेवा केन्द्रको सञ्चालन** : (१) विभिन्न किसिमका हिंसा, घटना, विपत् तथा जोखिमबाट पीडित/प्रभावितलाई तत्काल उद्धारपश्चात् सुरक्षित आश्रय, उपचार, सामाजिक रूपमा पुनःस्थापना तथा पारिवारिक पुनर्मिलन गराउनका लागि नेपाल सरकारको मापदण्ड तथा नियमानुसार सरकारी वा गैरसरकारी क्षेत्रबाट महानगरपालिकाको स्वीकृतिमा सेवा केन्द्रहरू सञ्चालन हुन सक्ने छ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने सेवा केन्द्रहरूले पीडित/प्रभावितको आवश्यकताको आधारमा देहायअनुसारका सेवाहरू उपलब्ध गराउनुपर्ने छ :-

(क) सुरक्षित आश्रय,

(ख) औषधोपचार,

(ग) मनोसामाजिक विमर्श,

(घ) कानुनी परामर्श,

(ङ) जीविकोपार्जन तथा जीवन उपयोगी तालिम,

(च) पारिवारिक पुनर्मिलन,

(छ) आवश्यकतानुसार सम्बन्धित निकायमा समन्वय,

(ज) महानगरपालिकाले तोकेका अन्य सेवाहरू।

१८. **प्रतिवेदन पेस गर्ने** : (१) समितिले आफूले गरेको कार्यको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिनाभित्र कार्यपालिकासमक्ष पेस गर्नुपर्ने छ।

(२) उपदफा (१) बमोजिम पेस हुन आएको प्रतिवेदन कार्यपालिकाले सार्वजनिक गर्ने छ।

१९. **बैठक भत्ता** : समितिका संयोजक तथा सदस्यले समितिको बैठकमा भाग लिएबापत कार्यपालिकाले तोकेबमोजिमको रकम बैठक भत्ताको रूपमा पाउने छन्।

२०. **कोषको सचिवालय** : कोषको सचिवालय विभागमा रहने छ।

२१. **<u>अभिलेख राख्ने</u>** : समितिले आफूले गरेको कामको अभिलेख दुरुस्त राख्नुपर्ने छ ।

२२. **<u>निर्देशन दिन सक्ने</u>** : (१) कार्यपालिकाले समितिको कुनै काम कारबाहीको सन्दर्भमा आवश्यक निर्देशन दिन सक्ने छ ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुने छ ।

२३. **<u>अधिकार प्रत्यायोजन</u>** : समितिले समितिको संयोजक वा कुनै सदस्यलाई अधिकार प्रत्यायोजन गरी काममा लगाउन सक्ने छ ।

**अनुसूची–१**

**निवेदनको ढाँचा**

**दफा ६ (३) सँग सम्बन्धित**

**विषय : सहयोग उपलब्ध गराई पाउँ भन्ने सम्बन्धमा ।**

श्रीमान् संयोजकज्यू,

लैङ्गिक हिंसा कोष सञ्चालक समिति

काठमाडौँ महानगरपालिका ।

म ........................................... मा बस्ने ........... वर्ष ..... को मिति ....................... मा .................... बाट पीडित भएको छु । मेरो आर्थिक स्थिति निकै कमजोर छ । मेरो समस्याका कारण मेरो मानसिक/शारीरिक/सामाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेकोले मलाई औषधी उपचार/कानुनी सहायता एवम् परामर्श उद्धार/मनोविमर्श/स्वरोजगार/पुनःस्थापना /पारिवारिक मिलनका लागि सहयोगको आवश्यकता परेको हुँदा काठमाडौँ महानगरपालिकाको लक्षित वर्ग संरक्षण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराइदिनुहुन यो निवेदन पेस गरेको छु ।

निवेदक

नाम थर :

ठेगाना :

अभिभावकको नाम, थर र ठेगाना

सम्पर्क नं

दस्तखत

**संलग्न कागजहरू**

१. नागरिकताको प्रतिलिपि र परिचय खुलेको कागजात,

२. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,

३. उपचार गरेको भएमा बिल भर्पाइ र डाक्टरको प्रेस्किप्सन,

४. अन्य खर्चलाई प्रमाणित गर्ने कागजातहरू,

५. सरकारी कार्यालयबाट जारी भएको लैङ्गिक हिंसा प्रमाणित हुने कागजातहरू ।